शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्या : ३ मितिः-२०८१/०९/१९ (अतिरितांक)

भाग – २

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## ई-सिफारिस स्वंयमसेवकको पदपूर्ती सम्बन्धी मापदण्ड, २०८१

सम्बत २०८१ को मापदण्ड नं. ३ गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/१९

# ई-सिफारिस स्वंयमसेवकको पदपूर्ती सम्बन्धी मापदण्ड, २०८१

शुद्धोधन गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम यस कार्यलयमा ई-सिफारिसका लागि स्वयंमसेवक पदमा प्रतिस्पर्धाको माध्यमबाट स्वंयमसेवक पदपूर्ति गर्नु पर्ने भई सो पदपूर्ति प्रक्रियामा पारदर्शीता एवं एकरुपता कायम गर्नका लागि कार्यविधिगत ब्यवस्था गर्न आवश्यक भएकोले स्वंयमसेवक प्रयोजनका लागि मापदण्ड जारि गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

संक्षिप्त नाम र प्रारम्भः १. यस मापदण्डको नाम ई-सिफरिसका लागि स्वंयमसेवक पदपूर्ति सम्बन्धी मापदण्ड, २०८१ रहेको छ ।

क.यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

क. ई-सिफारिस भन्नाले सम्पुर्ण सिफारिसहरुलाई डिजिटल माध्यमबाट सरल र सहज रूपमा घरमा नै बसी सेवा लिने भन्ने सम्झनु पर्छ।

ख. छनौट परिक्षा भन्नाले पदपूर्ति समितिले दफा ७ बमोजिम सञ्चालन गर्ने परिक्षा सम्झनु पर्छ ।

ग. पदपूर्ति समिति भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

परिच्छेद २

दरबन्दी र पदपुर्ति सम्बन्धी ब्यवस्था

३. पदपूर्ति समिति गठनः ई-सिफरिस स्वंयमसेवक पदपूर्तीको लागि सिफारिस गर्न देहाय बमोजिम पदपूर्ति समिति गठन गरिनेछः-

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| ख. विषय विज्ञ | - सदस्य |
| ग. प्रशासन शाखा प्रमुख | - सदस्य |
| घ. सम्बन्धित शाखाको प्रमुख | - सदस्य सचिव |

४. आवश्यक न्युनतम योग्यता र कार्य अनुभवः ई-सिफरिस स्वंयमसेवकका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिक उम्मेदवार हुन सक्नेछन ।

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिसम्म कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. कम्प्युटर र सफ्टवयर सम्बन्धी सामान्य ज्ञान भएको ।

५. <u>दरखास्त आब्हानः</u> (१)१५ दिनको अवधि राखी सेल एप प्रा.लीको अनलाईन पोर्टलबाट दरखास्त फारम तयार पारी यस कार्यालयको सूचनापाटी, वेवसाइट तथा फेसबुक पेजबाट सूचना प्रकाशनको लागि आब्हान गर्ने ।

यस कार्यक्रमका लागि निशुल्क दरखास्त फारमको ब्यवस्था गर्ने ।

<u>६. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्नेः</u>

(१) दफा ५ को उपदफा (१) बमोजिम सूचनमा तोकिएको म्यादभित्र प्राप्त हुन आएका अनलाइन दरखास्त आवेदन मध्येवाट पदपूर्ति समितिले दश दिनभित्र योग्य ठहरिएका आवेदकहरु मध्यबाट उपलब्ध भएमा २१ जना उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन गर्नु पर्नेछ तर प्रासङ्क बराबर भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारूलाई योग्यताक्रम सूचीमा समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक योग्यताक्रम निर्धारण बमोजिमको मूल्याङ्कनका आधारमा गरिनेछः

क. न्युनतम शैक्षिक योग्यता र कार्यअनुभवको लब्धाङ्क प्रतिशत बापत ५० (पचास) अंक

(३) उपदफा (२) को खण्ड (क) बमोजिम न्युनतम शैक्षिक योग्यता तथा कार्यानुभवको लब्धाङ्क प्रतिशत बापतको अङ्क निर्धारण गर्दा देहाय बमोजिम प्रयोग गरिनेछ ।

(४) प्रारम्भिक योग्यताक्रम सूचीसंगै प्रयोगात्मक परिक्षाको मिति समय स्थान समेत तोकि सूचना प्रकाशन गर्नु पर्नेछ।

<u>७. छनौट परिक्षाः</u>(१) प्रारम्भिक योग्यताक्रम सूचिमा परेका उम्मेदवारहरू मध्येबाट स्वंयमसेवक छनौट गर्न ३० पूर्णाङ्कको प्रयोगात्मक परिक्षा हुनेछ र प्रयोगात्मक परिक्षामा पास भएका स्वयंमसेवकको २० पुर्णाङ्कको अन्तर्वार्ता हुनेछ ।

<u>८. अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः</u> (१) दफा ७ बमोजिम छनौट परिक्षामा सहभागी उम्मेदवारले गरेको अङ्कको आधारमा पदपूर्ती समितिले उतिर्ण उम्मेदवारहरुको योग्यताक्रम सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले बरावर अङ्क प्राप्त गरेको अवस्थामा न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्रमा उल्लेखित लब्धाङ्क प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नु पर्नेछ।

(३) उपदफा (२) को आधारमा योग्यताक्रम निर्धारण गर्दा प्रतिशत समेत बरावर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यता, माथिल्लो तहको योग्यतामा प्राप्त गरेको अङ्क प्रतिशत र उमेरको ज्येष्ठतालाई आधार मानी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कायम हुने अन्तिम योग्यताक्रमको सूचिबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरी सो को सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अन्तिम योग्यताक्रमको सूचिबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरीसकेपछि बाँकी रहेका सबै उम्मेदवारू बैकल्पिक सूचिमा रहेनेछन ।

<u>९.सम्झौता गरी काम काज गर्न खटाउनु पर्ने</u>:(१) दफा ८ बमोजिम अन्तिम योग्यताक्रमको सूचिबाट छनौट भएको उम्मेदवारलाई गाउँपालिकाले शर्त र सुविधा समेत खुलाई सम्झौता गरी पत्र सहित गाउँपालिकाका विभिन्न वडा कार्यलयहरुमा खटाउन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खटाइएका स्वंयमसेवकले नाम, मोवाइल नम्वर र इमेल ठेगाना सहितको विवरण गाउँपालिकामा सम्बन्धित विषय हेर्ने शाखामा विवरण उपलब्ध गराउनुपर्नेछ।

१०. <u>बैकल्पिक उम्मेदवारलाई खटाउने</u>:(१) दफा ८ बमोजिम छनौट भएको उम्मेदवारलाई अन्तिम नतिजा प्रकाशन भएको मितिले सात दिनभित्र सम्झौता गर्न आउनको लागि लिखित सूचना दिनु पर्नेछ। यसरी सूचना दिँदा तोकिएको समयावधि भित्र सम्झौता गर्न नआएमा निजको सट्टामा बैकल्पिक सूचिको योग्यता क्रमको पहिलो नम्बरमा रहेको उम्मेदवारसंग सम्झौता गरि कामकाज गर्न खटाउन पर्नेछ।

११.<u>सेवा सुविधा, कार्य जिम्मेवारी र काम गरेवापत पाउने रकम</u>:१. स्वंयमसेवकले प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रहि गाउँपालिकाको वडा कार्यालयहरूमा उत्तरदायी वडा कार्यालयले लगाएको कामहरु गर्ने ।

२. डिजिटल प्रणालीका माध्यमवाट सेवा लिने सेवाग्राहीहरुलाई सम्पूर्ण किसिमको सिफारिस बनाउन सहयोग गर्ने ।

पहिलो महिना काम गरेबापत रु.१५०००।– (अक्षरुपी पन्ध्र हजार मात्र) पहिलो महिना सेवाग्राहीबाट कुनै पनि सिफारिसको शुल्क लिन पाउने छैनन।

दोस्रो महिना काम गरेबापत रु.१००००।– (अक्षरुपी दश हजार मात्र)पालिकाबाट र सेवाग्राहीबाट प्रत्येक सिफारिसको ४०% शुल्क लिन पाउने छ।

तेस्रो महिना काम गरेबापत रु.५०००।– (अक्षरुपी पाँच हजार मात्र) पालिकाबाट र सेवाग्राहीबाट प्रत्येक सिफारिसको ८०% शुल्क लिन पाउने छ।

चौथो महिनाबाट प्रत्येक सिफारिसको रु.३०।– (क्षरुपी तिस रुपैंया मात्र) सेवाग्राहीबाट शुल्क लिन पाउने छ ।

१०. सम्झौता कायम रहने अवधिः मिति २०८१ मार्ग १५ गते देखि २०८१ फाल्गुन १५ गते सम्म कायम हुनेछ।

११. सम्झौता थप हुने अवस्थाः कार्यालयमा कार्य बोझ बढेमा तथा सेवा सन्तोषजनक भए पुनः सम्झौता नविकरण हुनेछ र कार्यालयलाई आवश्यक नभएमा प्रथम पक्ष म्याद थप गर्न बाध्य हुने छैन।शर्त बमोजिम नगरेमाः प्राप्त हुने सेवा सुविधा पुर्ण रुपमा प्रदान गर्न प्रथम पक्ष बाध्य हुने छैन

१२. सेवा सम्बन्धी प्रचलित कानुनमा ब्यवस्था भएका आचरण सम्बन्धी कुराहरु पालना गर्नु पर्नेछ ।

१३. अन्य व्यवस्था यस मापदण्ड बाहेक सम्झौता पत्रानुसार हुनेछ ।

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१/०९/१९

आज्ञाले
विष्णु बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत